आज मिति २०८२ साल असार ८ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को चौधौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गणे बहादुर थापा | सहयोगी | |

## चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा ।
३. सडक वालवालिका मुक्त घोषणा सम्बन्धमा ।
४. आगामी आ.व.को वजेट सम्बन्धी छलफल सम्बन्धमा ।
५. विविध छलफल सम्बन्धमा ।

## २०८२ बैशाख ०८ गते बसेको चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक रहेको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृतका लागि आगामी गाउँसभामा सिफारिस गर्ने | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृतका लागि आगामी गाउँसभामा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | सडक वालवालिका मुक्त घोषणा सम्बन्धमा । | सडक वालवालिका मुक्त गाउँपालिका घोषणा गर्न आवश्कय रहेको । | सुनिलस्मृति गाउँपालिकाको टोल, समुदाय, गाउँ/बस्ती, गल्ली तथा सडक र कुनै पनि स्थानमा भएको नपाएको हुदाँ यस गाउँपालिकालाई सडक वालवालिका मुक्त घोषणा गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | आगामी आ.व.को वजेट सम्बन्धी छलफल सम्बन्धमा । | मिति २०८२/०२/२४ गते बसेको वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकबाट सिफारिस भएको वजेट तथा कार्यक्रम माथि छलफल गर्न आवश्यक रहेको । | मिति २०८२/०२/२४ गते बसेको वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकबाट छलफल भई सिफारिस भएको वजेट तथा कार्यक्रमलाई आवश्यक परिमार्जन गरी स्वीकृतका लागि गाउँसभाको १८ औं अधिवेशनको दोश्रो बैठकमा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** दोश्रो आवाधिक योजना स्वीकृत सम्बन्धमा । | **क)** सुनिलस्मृति गाउँपालिकाको दोश्रो आवाधिक योजना स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **ख)** नि:शुल्क जग्गा रजिष्ट्रेशन सम्बन्धमा । | **ख)** श्री जनता आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेश स्थित विद्यालयको प्रयोजनका लागि स्थानीय जनताबाट रकम जम्मा गरि सुनिलस्मृति गाउँपालिका वडा नं. ८ निवासी तिलु मर्गनीको नाममा दर्ता श्रेष्ता भएको साविक अरेश गा.वि.स. वडा नं. २ मा पर्ने कित्ता नं. १७२ को ३१७० वर्ग मिटर मध्ये पश्चिम विचमा पर्ने विद्यालयको जग्गा सँग जोडिएको १३० वर्ग मिटर जग्गा नि:शुल्क रजिष्ट्रेशन पासका लागि जिल्ला मालपोत कार्यालयलाई लेखि पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **ग)** घर भाडा भुक्तानी गर्ने सम्बन्धमा । | **ग)** यस गाउँपालिका वडा नं. ५ स्थीत सामुदायिक स्वास्थ्य इकाई केन्द्रको भवन निर्माण कार्य भैरहेको र हाललाई सेवा सञ्चालनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं. ५ क्वालिगाउँ स्थित लिलासिं पुन मगरको घरमा वैशाखदेखि बस्दै आएको हुदाँ मासिक ४ हजार नवढ्ने गरी घरभाडा रकम भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष